# त्रिभुवन विश्वविद्यालय र नेपाल क्रिकेट संघबीच भएको
## सम्झौता पत्र

त्रिभुवन विश्वविद्यालयको नाममा रहेको कीर्तिपुरस्थित रंगशाला नेपाल क्रिकेट संघले करारमा लिन पाउनका लागि अनुरोध गरेकोमा त्रिभुवन विश्वविद्यालय (यसपछि प्रथम पक्ष भनिएको) र नेपाल क्रिकेट संघ (यसपछि द्वितीय पक्ष भनिएको) का बीच तपसीलका शर्तबन्दीको अधिनमा रही काम गर्न गराउन मंजुर भएकोले दुवै पक्षले हस्ताक्षर गरी एक-एक प्रति लियौं दियौं ।

१. शर्तहरू:

(१) प्रथम पक्षले आफ्नो नाममा रहेको कीर्तिपुरस्थित रंगशाला द्वितीय पक्षलाई मिति २०५९/१/१ देखि २०८३ साल वैशाख मसान्तसम्म गरी जम्मा २५ वर्षका लागि करारमा दिएको छ ।

(२) प्रथम पक्षको रंगशालाको मैदान पर्खाललगायत अन्य भौतिक चिज तथा वस्तुहरूलाई क्रिकेट खेल्न उपयुक्त हुने गरी द्वितीय पक्षले वनाउनु पर्नेछ ।

(३) रंगशाला नयाँ ढंगले मर्मत-सम्भार गर्दा लागतको इन्जिनियरिङ्ग द्वितीय पक्षले तयार गरी सकेपछि स्वीकृतिका लागि त्रि.वि. मा पेश गर्नु पर्नेछ र त्रि.वि. बाट स्वीकृत भएपछि मात्र तोकिएको समयभित्र शर्त नं. २ मा उल्लेख भएअनुसार वनाउनु पर्नेछ । यसरी वनाउँदा लाग्ने सम्पूर्ण खर्च द्वितीय पक्षले व्यहोर्नु पर्नेछ ।

(४) प्रथम पक्षको क्रिकेट टिम राष्ट्रिय वा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुने भएमा सहभागी हुने खेलाडीहरूलाई आवश्यक प्रशिक्षणको व्यवस्था र क्रिकेट खेल्ने सामग्री द्वितीय पक्षले निःशुल्क उपलब्ध गराउनु पर्नेछ ।

(५) रंगशाला प्रयोग उपयोग गर्ने सम्वन्धमा प्रथम पक्ष र द्वितीय पक्षका प्रतिनिधिहरू बसी छलफलको आधारमा तालिका तयार गरिनेछ र यसरी तयार गरिएको तालिकाअनुसार द्वितीय पक्षले प्रयोग गर्नेछ ।

(६) रंगशाला सञ्चालन एवं रेखदेख गर्नका लागि दुवै पक्षको तर्फबाट बढीमा ७ जनाको वोर्ड/कमिटी गठन गरिनेछ ।

(७) प्रथम पक्ष र द्वितीय पक्षले रंगशाला संयुक्त रूपमा प्रयोग गर्दा प्रयोग गर्ने अवधिभर त्यसको मर्मत-सम्भार, संरक्षण र आवश्यक पर्ने जनशक्ति द्वितीय पक्ष आफैले उपलब्ध गराउनु पर्नेछ र त्यसमा लाग्ने खर्च प्रथम पक्षले व्यहोर्ने छैन ।

(८) प्रथम पक्षको रंगशाला प्रयोग गर्दा द्वितीय पक्षलाई आवश्यक पर्ने विजुली एवं पानीको व्यवस्था प्रथम पक्षले गरिदिनेछ भने त्यसमा लाग्ने खर्च विलअनुसार वा मिटरमा उल्लेख भएअनुसार प्रथम पक्षलाई द्वितीय पक्षले दिनु पर्नेछ ।

(९) द्वितीय पक्षले आयोजना गर्ने कुनै पनि कार्यक्रममा प्रथम पक्षका विद्यार्थी, शिक्षक र कर्मचारी सहभागी भई हेर्न चाहेमा सहुलियतस्वरूप रंगशालाको प्रवेश शुल्कमा ५० प्रतिशत शुल्क छुट दिनु पर्नेछ ।

(१०) प्रथम पक्षले रंगशाला कुनै पनि प्रयोजनका लागि प्रयोग गर्न वा उपयोग गर्न चाहेमा त्यस्तो अवधिभर विना कुनै शुल्क द्वितीय पक्षले उपलब्ध गराउनु पर्नेछ ।

(११) यस सम्झौतामा उल्लेखित अवधि समाप्त भएपछि द्वितीय पक्षले प्रथम पक्षको जग्गामा प्रयोग गरेको वा जडान गरेको सम्पूर्ण भौतिक चिज तथा वस्तु विना मूल्य स्वतः प्रथम पक्षको हुनेछ ।

२. वुझाउनुपर्ने वहाल वा भाडा रकम

प्रथम पक्षको रंगशाला द्वितीय पक्षले उपयोग गर्ने वा प्रयोग गरेवापत देहायअनुसारको वहाल रकम प्रथम पक्षलाई वुझाउनु पर्नेछ :

(१) यो सम्झौता लागू भएको मितिवाट सम्झौता अवधिको पहिला ३ वर्ष प्रतिवर्षको रु ३,००,०००/- (तीन लाख) को दरले जम्मा रु. ९,००,०००/- (नौ लाख) सम्झौता भएको एक वर्ष पुगेको मितिले ३० दिनभित्र द्वितीय पक्षले प्रथम पक्षले तोकेको वैंक खातामा रकम जम्मा गर्नु पर्नेछ ।

(२) माथि २(१) मा उल्लेखित तेस्रो वर्षपश्चात द्वितीय पक्षले प्रत्येक वर्षको अन्त्यमा रु ९,००,०००/- (नौ लाख) देहायबमोजिमको शीर्षकमा प्रथम पक्षलाई वुझाउनु पर्नेछ ।

(क) जग्गा प्रयोग गरेवापत रु. ६,००,०००/- (छ लाख)।

(ख) विद्यार्थीको छात्रवृत्तिवापतको लागि रु. २,००,०००/- (दुई लाख)।

(ग) त्रि.वि. मा सञ्चालन हुने खेलकुदका लागि रु. १,००,०००/- (एक लाख)।

(३) यो सम्झौता लागू भएको मितिवाट प्रत्येक ५ (पाँच) वर्षमा दुवै पक्ष वसी माथि शर्त नं. २ को (२) मा उल्लेख भएअनुसार द्वितीय पक्षले प्रथम पक्षलाई प्रत्येक वर्ष उपलव्ध गराउने रकमको पुनरावलोकन गरी दुवै पक्षको सहमतिअनुसार रकम वृद्धि गर्न सकिने छ ।

(४) माथि उल्लेखित शर्तअनुसार द्वितीय पक्षले गर्नुपर्ने काम नगरेमा वा वुझाउनु पर्ने वहाल रकम समयमा वुझाउन नसकेमा यो करार भंग भएको मानिनेछ र भंग हुँदाको यथाअवस्थामा रंगशाला खाली गरिदिनु पर्नेछ एवं त्यस्तो अवस्थामा द्वितीय पक्षवाट असुलउपर गर्नुपर्ने रकम प्रचलित कानूनवमोजिम असुलउपर गरी लिन पाउने कानूनी हक प्रथम पक्षमा निहित रहनेछ ।

(५) प्रथम पक्ष र द्वितीय पक्षले अर्को पक्षलाई एक महिना अगाडि पूर्वसूचना दिई यो सम्झौतावाट अलग हुन सक्नेछ ।

(६) यो सम्झौता २०५९ साल वैशाख १ गतेदेखि लागू भएको मानिनेछ ।

प्रमोद कुमार उपाध्याय
मि. अध्यक्ष
नेपाल क्रिकेट संघ

२०५९/१/२४

नीलकण्ठ लाल श्रेष्ठ
रजिष्ट्रार
त्रिभुवन विश्वविद्यालय

रजिष्ट्रार
त्रिभुवन विश्वविद्यालय